नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, असार २८ गते, २०८१ साल (अतिरिक्ताङ्क १४(ख)

भाग ४

राष्ट्रपतिको कार्यालयको

सूचना १

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले, सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा १०० को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५५ को उपनियम (४) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राखु भएको प्रस्ताव नेपालको संविधानको धारा १०० को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट पारित हुन नसकेकोले अर्को मन्त्रिपरिषद गठन नभएसम्मका लागि नेपालको संविधानको धारा ७७ को उपधारा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) बमोजिम यही मन्त्रिपरिषदले कार्य सञ्चालन गर्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना २

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा १०० को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५५ को उपनियम (४) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राखु भएको प्रस्ताव नेपालको संविधानको धारा १०० को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट पारित हुन नसकेकोले प्रधानमन्त्री पदबाट मुक्त हुनु भई पद रिक्त भएको हुँदा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई मिति २०८१/३/३० गते आइतबारका दिन अपरान्ह ५:०० बजेभित्र नेपालको प्रधानमन्त्री पदमा नियुक्ति गर्ने प्रयोजनका लागि आफ्नो दावी पेश गर्न आह्वान गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
डिल्ली राम शर्मा
सचिव ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौँमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।